# देउमाई नगरपालिकाको आ.व.२०७९/८० को बार्षिक बजेट बक्तव्य

नगर सभामा पेश भएको मिति- २०७९/०३/१०

नगर सभाबाट पारित भएको मिति- २०७९/०३/१०

यस देउमाई नगरपालिकाको सातौं नगर सभाका सभाध्यक्ष ज्यू तथा उपस्थित सभाका सदस्य ज्यूहरु,

स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरेको कानूनी प्रावधान अनुसार बजेट एवम् कार्यक्रम तर्जुमा समिति संयोजकको हैसियतले यहाँहरू सबैलाई स्वागत अभिवादन गर्दै यस गरिमामय सभामा आर्थिक वर्ष २०७९/८० को बार्षिक बजेट तथा कार्यक्रम पेश गर्न गईरहेको छु।

यस विशिष्ट घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र सम्मको राजनीतिक परिवर्तन, जनयुद्ध र जनआन्दोलन लगायतका त्याग वलिदानीको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै देश र जनताको स्वतन्त्रता र मूक्तिका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

जनताको नजिकको सरकारका हिसाबले जनभावना अनुसार सरकार संचालनका लागि आवश्यक ऐन, नियम तर्जुमा गरी कार्यान्वयनको चरणमा छौं।सामाजिक, आर्थिक, भौतिक र संस्थागत विकासका क्षेत्रमा समृद्ध देउमाई निर्माणको आधार तयार गर्ने दिशामा अग्रसर रहेका छौं।

हामी जनताका आधारभूत तहका समस्या समाधानका लागि जनप्रतिनिधिको रुपमा उपस्थित भएका छौ र सम्बोधन गर्ने हरसंभव प्रयास पनि गरिरहेका छौ। राजनीतिक परिवर्तनबाट प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्दै नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, प्रदेश कानून र अन्य प्रचलित कानूनमार्फत स्थानीय सरकारलाई प्राप्त अधिकारहरुलाई संस्थागत गर्ने र स्थानीय सेवा प्रवाहलाई प्रभावकारी र सुशासनयुक्त बनाउन प्रतिवद्ध भएका छौ।

स्थानीय तहले गर्नैपर्ने भनि संविधान र कानूनले परिभाषित गरेका जिम्मेवारी पुरा गर्न हामीले केहि कानूनी र संस्थागत संरचना निर्माण गर्दै अगाडी बढ्ने प्रयास गरेका छौं ।

जनअपेक्षाको संवोधन गर्दै निर्वाचनका बेला व्यक्त गरिएका प्रतिवद्धता कार्यान्वयन गर्न हामीले पहिलो वर्षलाई "अध्ययन एवं संरचना निर्माणको वर्ष" घोषणा गरि कार्य प्रारम्भ गरेका छौं।

बजेट विनियोजन गर्दा नेपालको संविधानमा उल्लेखित राज्यका मार्गनिर्देशक सिद्धान्त तथा नीतिहरू, स्थानिय सरकार संचालन ऐन, २०७४, दिगो विकास लक्ष्य, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, नगरसभाले पारित गरेको नीति तथा कार्यक्रम, कार्यपालिका बैठकबाट निर्धारित बजेटका प्राथमिकता, टोलटोलका समस्या, विषयगत समिति, वडा समिति, राजश्व परामर्श समिति लगायतका विभिन्न विकास साझेदार र विज्ञहरूको सुझावलाई ध्यान दिएर बजेट कार्यक्रम तय गरेको छु।

आदरणीय सभाध्यक्ष ज्यू,

आ.व. २०७९/८० को बजेटका मुख्य प्राथमिकता र उद्देश्यहरू यस प्रकार रहेका छन,

१.क्रमागत योजनाहरूलाई पहिलो प्राथमिकता प्रदान गर्ने,
२.नगरभित्र रहेका सम्पूर्ण विद्यालयहरुमा ईन्टरनेट पहुँचको सुनिश्चितता गर्ने,
३.स्थानीय श्रम, सीप र प्रविधिमा आधारित रोजगारीका अवसरहरु सृजना गर्ने,
४.पशुपंक्षी तथा कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,
५.देउमाई नगरको पहिचान स्थापित हुने खालका तथा गौरवका आयोजनाहरूलाई संघ र प्रदेश सरकारसँगको सहकार्यमा सञ्चालन गर्ने,
६.नगरपालिकाका सबै वडाहरूमा अलवेदर सडकमार्गको विस्तार गर्ने,
७.पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन गर्ने,
८.शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई सेवाको अभिवृद्धि गर्ने,
९.आधुनिक र व्यवस्थित शहरीकरण गर्ने,
१०.सक्षम र सुदृढ तथा सुशासनयुक्त सेवा प्रवाहको विकास गर्ने,
११."हाम्रो देउमाई उज्यालो देउमाई" कार्यक्रम सम्पन्न गर्ने,
१२.लैङ्गिक उत्तरदायी बजेट निर्माण गर्ने,
१३.दिगो विकास लक्ष्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने,
१४.सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्दै अनुत्पादक क्षेत्रमा खर्च कटौती गर्ने र सबै राजश्वका श्रोतहरुको परिचालन गरि करका दायरा बढाउने ।

<u>आ.व. २०७९/८०को यस बजेटका प्राथमिकताका आधारहरु यस प्रकार रहेका छन्</u>

१. आर्थिक विकास एवं गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने।
२. उत्पादनमूलक तथा छिटो प्रतिफल दिने र राजश्व परिचालनमा योगदान पुर्याउने।
३. स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने।
४. लैंगिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने।
५. दिगो विकास लक्ष्य, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्याउने।
६. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने।

आदरणीय सभाध्यक्ष ज्यू,

अब म गत आ.व. ०७७/७८ को यथार्थ आय-व्यय, चालु आ.व. ०७८/७९ को संशोधित आय-व्यय र आ.व. ०७९/८० को अनुमानित आय-व्यय प्रस्तुत गर्न चाहन्छु।

आ.व. ०७७/७८ मा राजश्वको लक्ष्य रू. अठार करोड छ लाख तेत्तिस हजार तिन सय चालिस राखिएकोमा रू. चार करोड अन्ठानब्बे लाख चौरहत्तर हजार एक सय चौतिस रुपैया पैसठ्ठी पैसा मात्र संकलन भएको छ।

व्यय तर्फ चालु खर्चमा रू. चौवालिस करोड बैसट्ठी लाख पञ्चानब्बे हजार आठ सय दश र पुँजीगत खर्चमा रु. तेत्तिस करोड बहत्तर लाख पचपन्न हजार अनुमान गरिएकोमा क्रमशः रू. उनान्चालिस करोड अठार हजार चार सय नौ रुपैया सात पैसा र रू. उन्नाइस करोड छब्बिस लाख एकसठ्ठी हजार चार सय एकतिस रुपैया उनान्पचास पैसा खर्च भएको छ।

चालु आ.व. ०७८/७९ को राजश्वको लक्ष्य रू. छब्बिस करोड एकसठ्ठी लाख अठार हजार राखिएको मा असार मसान्तसम्म राजश्व संकलन रू. चार करोड मात्र हुने संशोधित अनुमान रहेको छ।यो रकम कुल लक्ष्यको १५.०३ प्रतिशत रहने अनुमान गरिएको छ। व्यय तर्फ चालु खर्चमा रू. अठचालिस करोड चार लाख पन्चानब्बे हजार पाँच सय र पुँजीगत खर्चमा रू. बयालिस करोड त्रिचालिस लाख चौवालिस हजार पाँच सय अनुमान गरिएकोमा क्रमशः रू. चालिस करोड र रू.पच्चीस करोड खर्च हुने संशोधित अनुमान गरिएको छ।

आदरणीय सभाध्यक्ष ज्यू,

आ.व. २०७९/८० मा देउमाई नगरपालिकामा तपशिलमा उल्लेखित स्रोतहरूबाट आम्दानी हुने लक्ष्य राखिएको जानकारी गराउँदछु। जसको संक्षिप्त विवरण निम्नानुसार रहेको छः

१. <u>आन्तरिक राजश्वबाट-</u> रू. एघार करोड चौबिस लाख सत्र हजार

२. <u>संघीय सरकारबाट प्राप्त हुने अनुदान रकम</u>

- I. शशर्त अनुदान तर्फ- रू. एकतिस करोड चौविस लाख
- II. वित्तिय समानीकरण अनुदान तर्फ- रू. तेह्र करोड उनान्तिस लाख
- III. संघीय राजश्व बाँडफाँडबाट प्राप्त हुने- रू. दश करोड एकाउन्न लाख नब्बे हजार
- IV. समपुरक अनुदान तर्फ-रू.एक करोड दश लाख
- V. विशेष अनुदान तर्फ —रू.एक करोड

जम्मा रू. सन्ताउन्न करोड चौध लाख नब्बे हजार

३. <u>१ नं. प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम</u>

- I. शशर्त अनुदान तर्फ- रू. एक करोड पैतिस लाख दुई हजार
- II. वित्तिय समानीकरण अनुदान तर्फ- रू. बहत्तर लाख बिस हजार
- III. प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त हुने- रू. साठ्ठी लाख पचास हजार
- IV. समपुरक अनुदान तर्फ- रू. एक करोड

जम्मा रू. तिन करोड सत्सठ्ठी लाख बहत्तर हजार

४. संचित कोषमा मौज्दात हुने अनुमान- रू.पाँच करोड

५. स्थानीय राजस्व बाँडफाँड प्राप्त हुने- रु. विस लाख

**कुल जम्मा आय रू. सतहत्तर करोड छब्बिस लाख उनान्असी हजार हुने लक्ष्य प्रस्ताव गरेको छु।**

आदरणीय सभाध्यक्ष ज्यू,

अव म आ.व. २०७९/८० को विनियोजन बजेट प्रस्तुत गर्न चाहन्छु।

संघीय सरकारबाट प्राप्त हुने शशर्त तर्फको बजेट रू. एकतिस करोड चौविस लाख र १ नं. प्रदेश सरकारबाट प्राप्त हुने शशर्त तर्फको बजेट रु. एक करोड पैतिस लाख दुई हजार लाई बजेटमा कार्यक्रम, क्रियाकलाप तथा रकम नै तोकी पठाईएकाले सोही अनुरूप नै यस बजेटमा कार्यक्रम समावेश गरिएको छ।

माथि प्रस्तुत गरिएको कुल आय रू. सतहत्तर करोड छब्विस लाख उनान्असी हजार लाई निम्न बमोजिमको क्षेत्रहरूमा प्रस्तावित बजेट पेश गरेको छु।

<u>तपशिलः</u>

१. पूर्वाधार विकास तर्फ- रू. पन्ध्र करोड चौहतर लाख दश हजार

२. सामाजिक विकास तर्फ रू. बत्तीस करोड बाह्र लाख एकतीस हजार

३. आर्थिक विकास तर्फ रू. दश करोड छब्बीस लाख बयालीस हजार

४. संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ रू. पाँच करोड उनान्साठी लाख एकसठ्ठी हजार

५. कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ रू. तेह्र करोड चौवन्न लाख पैतीस हजार

आदरणीय सभाध्यक्ष ज्यू,

अब म वडागत, विभिन्न विषयगत शाखा र नगरकार्यपालिकको कार्यालयको बजेट विनियोजन पेश गर्न चाहन्छु,

देउमाई नगरपालिका भित्रका नौ वटै वडामा चालु तथा प्रशासनिक खर्चका लागि १०/१० लाखका दरले ९० लाख र पुँजिगत तर्फ ४०/४० लाख का दरले तिन करोड साठी लाख रकम विनियोजन गरेको छु।

**<u>कृषि तथा पशुपंक्षी विकास तर्फः</u>**

विनियोजित रकम -रू.६१,८०,०००।०० (एकसठ्ठी लाख असी हजार)

- कृषिको व्यवसायीकरण, विविधिकरण र बजारीकरण गर्न कृषकलाई अनुदानमा प्लाष्टिक टनेल, मौरी घार, भकारो सुधार, कृषि नर्सरी स्थापना, काउम्याट वितरण, कृषि औजार वितरण, हाते ट्याक्टर र च्यापकटर वितरणमा बजेटको व्यवस्था गरेको छु।साथै कृषकलाई तरकारीको किट बीउ वितरण, कृषक परिचयपत्र वितरण तथा हिंउदे तथा बर्खे घाँसको विउ बितरणका लागि बजेटको व्यवस्था गरेको छु।
- माटो शिविर सञ्चालनका लागि समेत बजेटको व्यवस्था गरेको छु।
- पशु विमा कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**<u>शिक्षा युवा तथा खेलकुद विकास तर्फः</u>**

विनियोजित रकम -रू.३,८७,१०,०००।०० (तिन करोड सतासी लाख दश हजार मात्र)

- नगर खेलकुद संचालन तथा नगर खेलाडी र खेल प्रशिक्षक व्यवस्थापनका लागि बजेटको व्यवस्था गरेको छु।
- खान्द्रुङ मावि देनपा-७ मा विज्ञान संकाय संचालनका लागि बजेटको व्यवस्था गरेको छु।
- नगर शिक्षक व्यवस्थापन तथा मंगलबारे बहुमुखी क्याम्पस प्राध्यापक व्यवस्थापन कार्यलाई निरन्तरताका लागि यस बर्ष पनि बजेटको व्यवस्था गरेको छु।
- देउमाई नगरभित्रका सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयमा स्वास्थ्य स्वयंसेविका व्यवस्थापनका लागि बजेटको व्यवस्था गरेको छु।
- देउमाई नगरपालिकाको स्थानीय पाठ्यक्रम विकास गरि शिक्षा क्षेत्रमा आमूल परिवर्तन गर्नका लागि बजेटको व्यवस्था गरेको छु।
- संघीय सरकारको नीति अनुरूप विद्यालय कर्मचारी तथा बाल विकास केन्द्र कर्मचारीको थप तलबलाई निरन्तरता दिएको छु।
- गरिब तथा जेहेन्दार विद्यार्थीलाई प्राविधिक शिक्षाको पहुँच पुर्याउनका लागि नगर प्रमुख छात्रवृत्ति कार्यक्रमलाई निरन्तरताका लागि बजेटको व्यवस्था गरेको छु।
- नगरपालिकामा खेलकुद ग्राम निर्माणका लागि बजेटको व्यवस्था गरेको छु।
- शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई सुदृढीकरण गर्नका लागि प्रत्येक विद्यालयमा ईन्टरनेटको पहुँच पुर्याउनका लागि बजेटको व्यवस्था गरेको छु।

**<u>स्वास्थ्य शाखा तर्फः</u>**

विनियोजित रकम -रू.१,८३,५०,०००।०० (एक करोड त्रियासी लाख पचास हजार)

- नगरभित्रका गर्भवती महिलालाई सहजरुपमा जिल्ला अस्पताल सम्मको पहुँचका लागि नगरपालिकाको आफ्नै एम्बुलेन्स खरिदको लागि बजेटको व्यवस्था गरेको छु।
- स्वास्थ्य चौकी र आयुर्वेद केन्द्रहरुबाट निःशुल्क उपलव्ध हुने भनि नेपाल सरकारले घोषणा गरेका औषधिवापतको रकम पर्याप्त प्राप्त नहुने भएकोले उक्त औषधि वितरण कार्यलाई सहज बनाउन थप औषधी खरिदको लागि बजेटको व्यवस्था गरेको छु।
- नगर भित्रका सुत्केरी महिला र नवजात शिशुको पोषणका लागि सुत्केरी स्याहार तथा बालपोषण भत्ता कार्यक्रमलाई निरन्तरताका लागि बजेटको व्यवस्था गरेको छु।
- बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता कार्यक्रमको निरन्तरताका लागि बजेटको व्यवस्था गरेको छु।

- आयुर्वेद गाउँघर क्लिनिक तथा शिविर सञ्चालनका लागि बजेट व्यवस्था गरेको छ ।

<u>नगरपालिका चालु तथा पुँजिगत तर्फः</u>

विनियोजित रकम -रू.३०,७५,३७,०००।०० (तिस करोड पचहत्तर लाख सैंतिस हजार)

- ज्येष्ठ नागरिक पोसाक तथा एकल पुरूष भत्ता कार्यक्रमको निरन्तरताका लागि बजेटको व्यवस्था गरेको छु।
- न्यायिक समिति, ईजलास संचालन तथा महिला प्रवर्द्धनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- देउमाई नगरपालिका भित्र रहेका तेस्रो लिङ्गी नागरिक र ४५ वर्ष माथिका अविवाहित महिलालाई भत्ताको निरन्तरताका लागि बजेटको व्यवस्था गरेको छु।
- नगरपालिका भित्रका पहेंलो कार्ड प्राप्त अपाङ्गता भएका व्यक्तिहरूलाई भत्ताको निरन्तरताका लागि बजेटको व्यवस्था गरेको छु।
- मुटुको भल्भ फेरेका तथा मृगौला प्रत्यारोपण गरेका बिरामीलाई निर्वाह भत्ताको निरन्तरताका लागि बजेटको व्यवस्था गरेको छु।
- मृत्यु दाहसंस्कार सहयोग कार्यक्रमलाई निरन्तरताका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- दीर्घरोगी उपचार यातायात सहयोग कार्यक्रमको निरन्तरताका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- महिला, आदिवासी जनजाति, दलित, अपाङ्गता, अल्पसंख्यक लगायतका लक्षित वर्गको उत्थान तथा रोजगारी प्रवर्द्धनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- बाढी, पहिरो, आगलागी, विभिन्न महामारी रोग लगायत विपद् व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- नगर प्रमुख सुरक्षित आप्रवासन कार्यक्रमको निरन्तरताका लागि बजेटको व्यवस्था गरेको छु।
- नगर भित्रका पर्यटकीय गन्तव्यको प्रवर्द्धनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- संघीय बजेटको नीति अनुरूप कर्मचारीहरूको मासिक वृद्धि भएको तलबमान समायोजनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- नगरपालिका प्रशासनिक भवन निर्माणका लागि संघीय सरकारसँग सहकार्यका लागि समपूरक कोष अन्तर्गत आवश्यक बजेटको व्यवस्था गरेको छु।
- जट्टेश्वर मिलडाँडा  चाचले कृषि सडक, मंगलबारे तपेवा विन्दुले देउराली सडक, नवमी लोकमणि गजुरमुखी सडक, मंगलबारे गजुरमुखी सडक, रक्से मंगलबारे सडक, पैरे भञ्याङ्ग पञ्चमावि गोरेडाँडा

आझेले हुँदै इलाम जाने सडक, आम्वोटे किक्लुम्वा मदन चौक सडक, गाग्रे भञ्याङ्ग फत्तेजुङ्ग गल्छेडा सडक, फुलबारी हाङमाङ सडक का लागि बजेट व्यवस्था गरेको छु।

- साना सिँचाई कार्यक्रम अन्तर्गत घट्टे गोरे डाँडा सिँचाई, घट्टे खोला सिसुवा सिँचाई, देउमाई सिँचाई, दलित गाँउ देविथान चित्रे सिँचाई, फाक्लुम्वा भालुबाँसे सिँचाई, फेन्देवा टारी बाङे देवीथान सिँचाई, ल्यावा खोला मुहान वडा नं ६ र ७ बारुङ सिँचाई, शिरकट्टा कूलो सिँचाई, सुर्के खोला सिँचाई, साप्जुङ पुङफुङ खोला सिँचाई, सापजुङ सिंगलप्पा सिँचाई  योजनासँग सहकार्यका लागि समपूरक कोष अन्तर्गत आवश्यक बजेटको व्यवस्था गरेको छु।
- देउमाई नगरपालिकाको मुहार फेर्ने (गेम चेन्जर प्रोजेक्ट) अन्तर्गतका रणनीतिक सडकहरु, शहरी सडक, कृषि सडक, ग्रामिण सडक लगायतका यातायात पूर्वाधारहरूको मर्मत तथा स्तरोन्नतिका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- नगरपालिका बैकल्पिक शहरी सडक नमुना पिच तथा अन्य नमुना पिच कार्यक्रमको निरन्तरताका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- देउमाई  खानेपानी आयोजना, कृषि तथा पशुबजार पहुँचमार्ग विस्तार तथा ल्याण्ड स्केपिङ्ग का लागि समपूरक कोष अन्तर्गत आवश्यक बजेटको व्यवस्था गरेको छु।
- "हाम्रो देउमाई उज्यालो देउमाई" कार्यक्रम सम्पन्न गर्न ग्रामिण विद्युतीकरणलाई निरन्तरताका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- बैकल्पिक उर्जा प्रवर्द्धन तथा जैविक उर्जा प्रवर्द्धनका लागि बजेटको व्यवस्था गरेको छु।
- समाजमा रहेका विभिन्न लक्षित वर्ग तथा समुदायको भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- विभिन्न जातजातिगत धार्मिक तथा साँस्कृतिक महत्व बोकेका माङहिम, माङखिम, मठ मन्दिर, गुम्बा, चर्च, मस्जिद, पाटी पौवा लगायत मलामी टहरो निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- नगर भित्रका पानीका मुहान तथा जलाधार क्षेत्रको संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- नगर भित्र संचालन तथा निर्माण हुने विभिन्न विकास आयोजनाहरूको विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय मूल्यांकन, नगर प्रोफाइल निर्माण लगायत विभिन्न विकास गुरूयोजना तयार गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- पाँच वर्षभित्रमा सम्पन्न गर्ने उद्देश्य अनुरुप यसै आ.व. बाट सुरु हुने "देउमाई सुरक्षित नागरिक आवास कार्यक्रम" थालनीका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

**न्याय र सुशासन प्रवर्द्धन**

- सुशासन र पारदर्शिता प्रवर्द्धनका गर्न यसै आ.व.बाट विद्युतीय भुक्तानी कार्य सञ्चालन तथा व्यवस्थापन लागि आवश्यक वजेट विनियोजन गरेको छु ।
- क्षमता अभिवृद्धि गरी न्याय सम्पादन कार्यलाई अझ प्रभावकारी बनाउन न्यायिक समिति, वडा मेलमिलाप तथा मेलमिलापकर्ताहरुलाई तालिमको लागि वजेट विनियोजन गरेको छु ।
- समयानुकल र प्रविधिमैत्री सेवा प्रवाहको लागि जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

आदरणीय सभाध्यक्ष ज्यू,

बजेट तर्जुमा सँगसँगै यसको कार्यान्वयन अर्को महत्वपूर्ण पाटो हो। लक्ष्य अनुरूपका कार्यक्रमहरु समयमै संचालन हुन सके मात्र अपेक्षित सफलता हासिल गर्न सकिन्छ। कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायले अपनत्व ग्रहण गरी यसको सफल कार्यान्वयनमा सहयोग पुर्याउने अपेक्षा लिएको छु। प्रस्तावित कार्यक्रम बाट नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा गुणात्मक सुधार आई सुशासन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिएको छु।

यसर्थ प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध सबै सरोकारवाला पक्षसँग सहयोग र सहकार्यको अपेक्षा गर्दछु।

आदरणीय सभाध्यक्ष ज्यू,

देउमाई नगरपालिकाको गरिमामय यस सातौं नगरसभाको बजेट निर्माण गर्न अहोरात्र खटिनुहुने नगरसभा सदस्यहरू, विषयगत समिति, बजेट तर्जुमा समिति, बजेट मस्यौदा समिति, कर्मचारी साथीहरू, देउमाई नगरवासी दाजुभाई तथा दिदिबहिनीहरू लगायत सम्पूर्ण देउमाई नगरपालिकाको शुभचिन्तकहरूमा धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरूलाई नगरको समृद्धि र नगरबासीको हितमा योगदान गर्न आह्वान गर्दछु।

"प्राकृतिक श्रोत, कृषि र पर्यटन समृद्ध देउमाई हाम्रो अभियान"

धन्यवाद।

पविमाया राई
नगर उप-प्रमुख
देउमाई नगरपालिका
मंगलबारे, इलाम।

**देउमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, इलाम**
**कार्यालयको कोड : ८०१०३४०२३००**

**अनुसूची १**

**आय व्ययको बिबरण**

आ.व. : २०७९/८० रु. हजारमा

| शीर्षक | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को संशोधित अनुमान | आ.व. २०७९/८० को अनुमान |
|---|---|---|---|
| आय | ६१,७७,९५ | ८७,७१,६४ | ७२,२६,७९ |
| राजस्व | १३,९९,२७ | ३२,९२,१२ | २२,५६,५७ |
| आन्तरिक श्रोत | ४,९८,७४ | २३,८४,४२ | ११,२४,१७ |
| ११३१३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | | ० | १,८०,०० |
| ११३१३ एकीकृत सम्पती कर | ७२,९९ | ४,००,०० | ४१,२६ |
| ११३१४ भुमिकर/मालपोत | १,८२ | ४,०२ | ४,७५ |
| ११३२१ घरवहाल कर | ९,४३ | ९,४९ | १२,९५ |
| ११३२२ वहाल विटौरी कर | २,७० | २,४१ | १,२५ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ९१ | १,१६ | ० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | ३० | ० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | २,६७ | १,१६,८२ | ४,४० |
| ११६२१ व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | | १० | ० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | ५० | ० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | | १० | ० |
| ११६९१ अन्य कर | | १,०० | ८,२६ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २४ | ६२ | ४५ |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | | ५,००,०० | ० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | | १० | ० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | | १,०० | २० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | २,०४ | १,४८ | ० |
| १४२१६ निजी धारा वापतको शुल्क | | ५,०० | ४५ |
| १४२१७ नहर तथा कुलो उपयोग वापतको शुल्क | | ५ | ० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १,४० | २,२४ | ६,५९ |
| १४२२१ न्यायिक दस्तूर | | १,०० | ४५ |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | | २० | ० |
| १४२२४ परीक्षा शुल्क | | २० | २,१८ |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | | १० | ० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १५ | ३८ | १,५५ |
| १४२४१ पार्किङ्ग शुल्क | | २० | ६५ |
| १४२४२ नक्सापास दस्तुर | ४,२५ | ९९,५५ | ५,९२ |
| १४२४३ सिफारिश दस्तुर | ४२,५३ | १,८४,५६ | ८३,८४ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १,५६ | ३,२९ | ४,२४ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३,०६ | ६,६३ | ८४ |
| १४२४९ अन्य दस्तुर | २०,९२ | १,२२,१० | १२,३६ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८,१८ | १,१५,१३ | १,६४ |
| १४२६२ विद्युत सम्बन्धी दस्तुर | | १० | ५ |
| १४२६५ अन्य क्षेत्रको आय | | १० | ६ |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | २ | ६ | ६ |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १,०५ | २,७१ | २,९० |
| १४३१३ धरौटी सदरस्याहा | | १,०० | ५८ |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | | ४,०० | ४ |
| १४६११ व्यवसाय कर | | १६,०० | १२,१७ |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ९,००,५३ | ९,०७,७० | ११,३२,४० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | | ० | २०,०० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | | ० | ० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ६०,७२ | | |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,६८,८९ | ४,३३,८५ | १०,५१,१२ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | ४,२८,८५ | ७८ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ६०,०२ | ४५,०० | ६०,५० |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | ० | ० |

# देउमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, इलाम
कार्यालयको कोड : ८०१०३४०२३००

अनुसूची १

### आय व्ययको बिबरण

आ.व. : २०७९/८० रु. हजारमा

| शीर्षक | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को संशोधित अनुमान | आ.व. २०७९/८० को अनुमान |
|---|---|---|---|
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | ० | ० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | १,१४ | ० | ० |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ९,७३ | ० | ० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | | ० | ० |
| अन्य आय | ३,२२,७५ | ७,८०,७२ | ७,३४,०५ |
| १४५२९ अन्य राजस्व | ३,१८,४४ | ७,७०,०० | ७,०५,५३ |
| १५१११ बेरूजू | ४,३० | १०,७२ | २८,५२ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ४७,७८,६७ | ५४,७९,५२ | ४९,७०,२२ |
| संघीय सरकार | ४५,५६,७३ | ४९,६४,११ | ४६,६३,०० |
| १३३११ समानिकरण अनुदान | ११,८२,०० | १२,५७,०० | १३,२९,०० |
| १३३१२ शसर्त अनुदान चालु | ३०,४२,७३ | २५,५८,६१ | २६,२१,०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | | ८,२९,५० | ५,०३,०० |
| १३३१४ विषेश अनुदान चालु | १,००,०० | | |
| १३३१५ विषेश अनुदान पुँजीगत | | १,८२,०० | १,००,०० |
| १३३१६ समपुरक अनुदान चालु | २,३२,०० | | |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | १,३७,०० | १,१०,०० |
| प्रदेश सरकार | २,२१,९४ | ५,१५,४१ | ३,०७,२२ |
| १३३११ समानिकरण अनुदान | ७१,९३ | ७२,२० | ७२,२० |
| १३३१२ शसर्त अनुदान चालु | ५०,०१ | ३,४३,२१ | १,३५,०२ |
| १३३१६ समपुरक अनुदान चालु | १,००,०० | १,००,०० | १,००,०० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | |
| | | | |
| व्यय | ५८,२१,०० | ९०,४८,४० | ७७,२६,७९ |
| चालु | ३८,९४,३९ | ४८,०४,९५ | ४९,७८,५७ |
| २११११ पारिश्रमिक कर्मचारी | १३,३२,४० | २०,८२,३८ | २१,०५,७३ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ९८,९७ | १,००,०० | १,२०,०० |
| २११२१ पोशाक | ४,४० | ५,३० | ५,२० |
| २११३१ स्थानीय भत्ता | ० | ० | १,२६ |
| २११३२ महंगी भत्ता | १०,६९ | १३,०० | १३,०० |
| २११३३ फिल्ड भत्ता | ० | १२,०० | १२,०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ७,३० | ७,९२ | ७,४० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५,४५ | २१,११ | ३,०० |
| २११३९ अन्य भत्ता | ५० | २,५० | १०,५० |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ० | १०,०० | ११,५० |
| २१२१४ कर्मचारी कल्याण कोष | ० | ३,०० | ४,५० |
| २२१११ पानी तथा बिजुली | ३,७४ | ८,४४ | ८,६५ |
| २२११२ संचार महसुल | ६,६० | ११,१४ | १२,२७ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २२,६१ | २७,३७ | ३७,६० |
| २२२१३ सवारी साधन मर्मत खर्च | २२,७० | ३०,०५ | १९,९६ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ३,६७ | ५,६८ | ५,५७ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ६,७७ | १४,३१ | १५,४९ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ६,२१ | ८,८० | ६,४० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ३,७७ | ५,०० | २,०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ३४,२३ | ४३,४३ | ३१,५२ |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ४ | २,०० | ० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | २,३१ | २,२२ | ३,९० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ९,८५ | १९,२५ | ११,०७ |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ६,२० | १०,०० | १०,०० |

# देउमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, इलाम
**कार्यालयको कोड : ८०१०३४०२३००**

**आय व्ययको बिबरण**

आ.व. : २०७९/८० रु. हजारमा

| शीर्षक | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को संशोधित अनुमान | आ.व. २०७९/८० को अनुमान |
|---|---|---|---|
| २२४११ सेवा र परामर्श खर्च | २,९४ | ३,०० | ३,०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २,२३ | ५,०० | ५,०० |
| २२४१३ करार सेवा शुल्क | ३,७५,०४ | ५,००,०० | ५,०६,४० |
| २२४१४ सरसफाईसेवा शुल्क | ६,९२ | १,५० | १,५० |
| २२४१९ अन्य सेवा शुल्क | १,०० | १,०० | १,०० |
| २२५११ कर्मचारी तालिम खर्च | १,६९ | १०,०० | ३,०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५,६७ | १६,४४ | १०,०० |
| २२५२२ कार्यक्रम खर्च | १४,२८,०३ | ११,११,८१ | १२,८७,१३ |
| २२५२९ विविध कार्यक्रम खर्च | ६५ | ३,१२ | ३८,०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३३,६२ | ३०,६६ | २८,१५ |
| २२६१२ भ्रमण खर्च | ५ | ११,२८ | ३,०० |
| २२७११ विविध खर्च | ३८,५९ | ४७,१६ | ५२,०० |
| २२७२१ सभा सञ्चालन खर्च | ८,०० | ८,०० | ८,०० |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | २,२४ | ४,०० | ३,५० |
| २५३१५ अन्य सस्था सहायता | ९३ | ५,५० | ५,३५ |
| २७१११ सामाजिक सुरक्षा | ५६,२७ | ६०,०० | ७०,०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ३२,३३ | ८९,५० | ८३,२७ |
| २७२११ छात्रवृत्ति | ० | ७,०० | ९,०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १४,२३ | ७२,९५ | २३,९० |
| २७२१३ औषधीखरिद खर्च | ३१,५६ | ३०,५० | ३०,१० |
| २७२१९ अन्य सामाजिक सहायता | ४२ | ४५ | १,०० |
| २८१४२ घरभाडा | ३०,४६ | ३२,५१ | ३५,६४ |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ५,१९ | ८,१६ | १२,१० |
| २८१४९ अन्य भाडा | ९६ | ५० | ० |
| २८२१९ अन्य फिर्ता | २,२६,७९ | ३,००,०० | ३,००,०० |
| पूंजीगत | १९,२६,६१ | ४२,४३,४४ | २७,४८,२२ |
| ३१११२ आवासीय भवन निर्माण/खरिद | ० | १०,०० | १५,०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | २,९०,३७ | ४,८४,०० | २,३६,०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ० | ६५ | १३,०० |
| ३१११४ जग्गा विकास कार्य | ० | ५,०० | ० |
| ३११२१ सवारी साधन | ३९,८८ | २५,०० | १५,०० |
| ३११२२ मेशिनरी तथा औजार | ७७,८२ | १,३८,६५ | ५४,७० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ८,१८ | १४,२० | १२,१० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | २९,९२ | ५,०० | ५,०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ४,९३ | १३,८० | ५,०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ० | ० | २५,०० |
| ३११५१ सडक तथा पूल निर्माण | ४,०३,३५ | ८,३१,८५ | ८,१४,२० |
| ३११५३ विद्युत संरचना निर्माण | २५,३९ | २,१५,०० | १५,५० |
| ३११५५ सिंचाई संरचना निर्माण | १,०३,६५ | ८,४८,१७ | ७,४५,४२ |
| ३११५६ खानेपानी संरचना निर्माण | ५२,७३ | २,०७,५० | १,१५,३० |
| ३११५८ सरसफाई संरचना निर्माण | १५,९६ | ४,९० | ३,०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ६,४१,७३ | १२,४७,२२ | ६,२७,०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २२,१७ | ३,०० | ० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १,४८,१९ | १,४८,५० | ७,०० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ६२,२८ | ४१,०० | ४०,०० |
| ३१५११ भैपरी आउने पूँजीगत | ० | ० | ० |
| बजेट बचत (+)/न्यून | ३,५६,९४ | (२,७६,७६) | (५,००,००) |
| गत वर्षको नगद मौज्दात | | २,७६,७६ | ५,००,०० |

**अनुसूची २**

# देउमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, इलाम
**कार्यालयको कोड : ८०१०३४०२३००**

**राजस्व तथा अनुदान प्राप्तिको अनुमान**

आ.व. : २०७९/८० रु. हजारमा

| शीर्षक | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को संशोधित अनुमान | आ.व. २०७९/८० को अनुमान |
|---|---|---|---|
| आय | ६१,७७,९५ | ९०,४८,४० | ७७,२६,७९ |
| राजस्व | १३,९९,२७ | ३५,६८,८८ | २७,५६,५७ |
| आन्तरिक श्रोत | ४,९८,७४ | २६,६१,१८ | १६,२४,१७ |
| ११३११ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | | ० | १,८०,०० |
| ११३१३ एकीकृत सम्पती कर | ७२,९९ | ४,००,०० | ४१,२६ |
| ११३१४ भुमिकर/मालपोत | १,८२ | ४,०२ | ४,७५ |
| ११३२१ घरवहाल कर | ९,४३ | ९,४९ | १२,९५ |
| ११३२२ वहाल विटौरी कर | २,७० | २,४१ | १,२५ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ९१ | १,१६ | ० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | ३० | ० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | २,६७ | १,१६,८२ | ४,४० |
| ११६२१ व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | | १० | ० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | ५० | ० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | | १० | ० |
| ११६९१ अन्य कर | | १,०० | ८,२६ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २४ | ६२ | ४५ |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | | ५,००,०० | ० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | | १० | ० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | | १,०० | २० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | २,०४ | १,४८ | ० |
| १४२१६ निजी धारा वापतको शुल्क | | ५,०० | ४५ |
| १४२१७ नहर तथा कुलो उपयोग वापतको शुल्क | | ५ | ० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १,४० | २,२४ | ६,५९ |
| १४२२१ न्यायिक दस्तूर | | १,०० | ४५ |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | | २० | ० |
| १४२२४ परीक्षा शुल्क | | २० | २,१८ |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | | १० | ० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १५ | ३८ | १,५५ |
| १४२४१ पार्किङ्ग शुल्क | | २० | ६५ |
| १४२४२ नक्सापास दस्तुर | ४,२५ | ९९,५५ | ५,९२ |
| १४२४३ सिफारिश दस्तुर | ४२,५३ | १,८४,५६ | ८३,८४ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १,५६ | ३,२९ | ४,२४ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३,०६ | ६,६३ | ८४ |
| १४२४९ अन्य दस्तुर | २०,९२ | १,२२,१० | १२,३६ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८,१८ | १,१५,१३ | १,६४ |
| १४२६२ विद्युत सम्बन्धी दस्तुर | | १० | ५ |
| १४२६५ अन्य क्षेत्रको आय | | १० | ६ |

**देउमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, इलाम**
**कार्यालयको कोड : ८०१०३४०२३००**

**अनुसूची २**

**राजस्व तथा अनुदान प्राप्तिको अनुमान**

आ.व. : २०७९/८० | रु. हजारमा

| शीर्षक | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को संशोधित अनुमान | आ.व. २०७९/८० को अनुमान |
|---|---|---|---|
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | २ | ६ | ६ |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १,०५ | २,७१ | २,९० |
| १४३१३ धरौटी सदरस्याहा | | १,०० | ५८ |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | | ४,०० | ४ |
| १४६११ व्यवसाय कर | | १६,०० | १२,१७ |
| ३२१२२ बैंक मौज्दात | | २,७६,७६ | ५,००,०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ९,००,५३ | ९,०७,७० | ११,३२,४० |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | | ० | २०,०० |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | | ० | ० |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६०,७२ | | |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,६८,८९ | ४,३३,८५ | १०,५१,१२ |
| ११४२१ बाँडफाँड भ्ई प्राप्त हुने अन्त:शुल्क | | ४,२८,८५ | ७८ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ६०,०२ | ४५,०० | ६०,५० |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | ० | ० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | ० | ० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | १,१४ | ० | ० |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ९,७३ | ० | ० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | | ० | ० |
| अन्य आय | ३,२२,७५ | ७,८०,७२ | ७,३४,०५ |
| १४५२९ अन्य राजस्व | ३,१८,४४ | ७,७०,०० | ७,०५,५३ |
| १५१११ बेरूजू | ४,३० | १०,७२ | २८,५२ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ४७,७८,६७ | ५४,७९,५२ | ४९,७०,२२ |
| संघीय सरकार | ४५,५६,७३ | ४९,६४,११ | ४६,६३,०० |
| १३३११ समानिकरण अनुदान | ११,८२,०० | १२,५७,०० | १३,२९,०० |
| १३३१२ शसर्त अनुदान चालु | ३०,४२,७३ | २५,५८,६१ | २६,२१,०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | | ८,२९,५० | ५,०३,०० |
| १३३१४ विषेश अनुदान चालु | १,००,०० | | |
| १३३१५ विषेश अनुदान पुँजीगत | | १,८२,०० | १,००,०० |
| १३३१६ समपुरक अनुदान चालु | २,३२,०० | | |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | १,३७,०० | १,१०,०० |
| प्रदेश सरकार | २,२१,९४ | ५,१५,४१ | ३,०७,२२ |
| १३३११ समानिकरण अनुदान | ७१,९३ | ७२,२० | ७२,२० |
| १३३१२ शसर्त अनुदान चालु | ५०,०१ | ३,४३,२१ | १,३५,०२ |
| १३३१६ समपुरक अनुदान चालु | १,००,०० | १,००,०० | १,००,०० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |

# देउमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, इलाम
**कार्यालयको कोड : ८०१०३४०२३००**

**अनुसूची ३**

**व्यय अनुमान**

आ.व. : २०७९/८०

| शीर्षक | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को संशोधित अनुमान | आ.व. २०७९/८० को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| व्यय | ५८,२१,००,७८४.५६ | ९०,४८,४०,००० | ७७,२६,७९,००० | २७,५६,५७,००० | ४६,६३,००,००० | ३,०७,२२,००० | ० | ० | ० | ० |
| चालु | ३८,९४,३९,३५३.०७ | ४८,०४,९५,५०० | ४९,७८,५७,००० | २१,१५,७७,००० | २८,५२,७०,००० | १०,१०,००० | ० | ० | ० | ० |
| २०००० खर्च | ३८,९४,३९,३५३.०७ | ४८,०४,९५,५०० | ४९,७८,५७,००० | २१,१५,७७,००० | २८,५२,७०,००० | १०,१०,००० | ० | ० | ० | ० |
| पूंजीगत | १९,२६,६१,४३१.४९ | ४२,४३,४४,५०० | २७,४८,२२,००० | ६,४०,८०,००० | १८,१०,३०,००० | २,९७,१२,००० | ० | ० | ० | ० |
| ३०००० सम्पत्ती तथा दायित्व | १९,२६,६१,४३१.४९ | ४२,४३,४४,५०० | २७,४८,२२,००० | ६,४०,८०,००० | १८,१०,३०,००० | २,९७,१२,००० | ० | ० | ० | ० |

# देउमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, इलाम
**कार्यालयको कोड : ८०१०३४०२३००**

अनुसूची ५

### क्षेत्रगत व्यय अनुमान

आ.व. : २०७९/८० रु. हजारमा

| सि.नं. | संकेत | शीर्षक | विनियोजन | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| १ | २ | आर्थिक विकास | १०,२६,४२ | १,६४,७० | ६,२४,६० | २,३७,१२ | ० | ० | ० | ० |
| १ | २०१ | कृषि | १,५७,६० | २७,६० | ९०,०० | ४०,०० | ० | ० | ० | ० |
| २ | २०२ | उद्योग | ३०,०० | ० | ३०,०० | ० | ० | ० | ० | ० |
| ३ | २०३ | पर्यटन | २९,५० | ९,०० | २०,५० | ० | ० | ० | ० | ० |
| ४ | २०४ | सहकारी | ५,०० | ० | ५,०० | ० | ० | ० | ० | ० |
| ५ | २०६ | जलश्रोत तथा सिंचाई | ७,५०,४२ | ८३,५० | ४,६९,८० | १,९७,१२ | ० | ० | ० | ० |
| ६ | २०८ | पशुपन्छी विकास | ४६,९० | ४४,६० | २,३० | ० | ० | ० | ० | ० |
| ७ | २०९ | भूमि व्यवस्था | २,०० | ० | २,०० | ० | ० | ० | ० | ० |
| ८ | २१० | वाणिज्य | ५,०० | ० | ५,०० | ० | ० | ० | ० | ० |
| २ | ७ | सामाजिक विकास | ३२,१२,३१ | ७,०३,१२ | २४,३९,०९ | ७०,१० | ० | ० | ० | ० |
| १ | ७०२ | सामाजिक सुरक्षा तथा संरक्षण | १,४९,२७ | १,४९,२७ | ० | ० | ० | ० | ० | ० |
| २ | ७०३ | युवा तथा खेलकुद | ४८,७० | ४०,७० | ८,०० | ० | ० | ० | ० | ० |
| ३ | ७०४ | खानेपानी तथा सरसफाई | १,७१,३० | ३४,८० | ७६,५० | ६०,०० | ० | ० | ० | ० |
| ४ | ७०५ | भाषा तथा संस्कृति | ३३,५० | २३,५० | १०,०० | ० | ० | ० | ० | ० |
| ५ | ७०६ | शिक्षा | २४,५४,१० | २,५५,७० | २१,९८,४० | ० | ० | ० | ० | ० |
| ६ | ७०७ | स्वास्थ्य | २,८८,०५ | १,६५,१० | १,२२,९५ | ० | ० | ० | ० | ० |
| ७ | ७०८ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ६७,३९ | ३४,०५ | २३,२४ | १०,१० | ० | ० | ० | ० |
| ३ | ३ | पूर्वाधार विकास | १५,७४,१० | ४,७६,६० | १०,९७,५० | ० | ० | ० | ० | ० |
| १ | ३०१ | यातयात पूर्वाधार | ९,५४,७० | २,७७,२० | ६,७७,५० | ० | ० | ० | ० | ० |
| २ | ३०२ | भवन, आवास तथा सहरी विकास | ५,५७,५० | १,६२,५० | ३,९५,०० | ० | ० | ० | ० | ० |
| ३ | ३०३ | उर्जा | २४,५० | ५० | २४,०० | ० | ० | ० | ० | ० |
| ४ | ३०४ | संचार तथा सूचना प्रबिधि | २२,४० | २२,४० | ० | ० | ० | ० | ० | ० |
| ५ | ३०७ | सम्पदा पूर्वाधार | १५,०० | १४,०० | १,०० | ० | ० | ० | ० | ० |
| ४ | ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५,५९,६१ | ३,७९,५२ | १,८०,०९ | ० | ० | ० | ० | ० |
| १ | ४०३ | प्रशासकीय सुशासन | ५,०० | ५,०० | ० | ० | ० | ० | ० | ० |
| २ | ४०४ | वित्तीय सुशासन | ३,१२,०० | ३,०९,०० | ३,०० | ० | ० | ० | ० | ० |
| ३ | ४०५ | कानुन तथा न्याय | ७,०० | ७,०० | ० | ० | ० | ० | ० | ० |
| ४ | ४०९ | श्रम तथा रोजगारी | ९९,०९ | २५,०० | ७४,०९ | ० | ० | ० | ० | ० |
| ५ | ४१२ | योजना तर्जुमा र कार्यन्वयन | ६५,०० | ० | ६५,०० | ० | ० | ० | ० | ० |
| ६ | ४१४ | तथ्यांक प्रणाली | २५,०० | १३,०० | १२,०० | ० | ० | ० | ० | ० |
| ७ | ४१५ | वातावरण तथा जलवायु | २,०० | २,०० | ० | ० | ० | ० | ० | ० |
| ८ | ४१६ | मानब संशाधन विकास | २१,१२ | १५,१२ | ६,०० | ० | ० | ० | ० | ० |
| ९ | ४१७ | विपद व्यवस्थापन | २३,४० | ३,४० | २०,०० | ० | ० | ० | ० | ० |
| ५ | १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३,५४,३५ | १०,३२,६३ | ३,२१,७२ | ० | ० | ० | ० | ० |
| १ | १०१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३,५४,३५ | १०,३२,६३ | ३,२१,७२ | ० | ० | ० | ० | ० |
| कुल जम्मा | | | ७७,२६,७९ | २७,५६,५७ | ४६,६३,०० | ३,०७,२२ | | | | |